नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २४१ २०८० साल बैशाख १५ गते शुक्रबार (28 Apr. 2023 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

## हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : मधेसमा प्रदेशस्तरमै अनलाइन्न २ पृष्ठमा : इम्बोस्ड नम्बर : प्रदेशको नाम ... ३ पृष्ठमाबुद्धधर्मको मर्म विश्वमा फैलाउन्न

# लामो कानुनी लडाईपछि करिश्माले न्याय पाइन्



**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख ।**

श्रीमान, सासु, ससुराबाट घरेलु हिंसामा परेकी घरेलु एक महिलाले लामो कानुनी लडाईपछि अदालतबाट न्याय पाएकी छिन ।

राजविराज ५ निवासी करिश्मा चौधरीमाथी घरेलु हिंसा गर्ने सोही वडा निवासी श्रीमान् डा.उज्जवल देवसहित उनका परिवारलाई सप्तरी जिल्ला अदालतबाट जरिवाना लगायत विभिन्न फैसला सुनाएको छ ।

अदालतले करिश्मामाथी घरेलु हिंसा भएको ठहर गर्दै उनका श्रीमान डा.देव, ससुरा शशीकान्त देव, सासु पुर्णिमा देव र देवर उत्सव देवलाई जनही ३ हजार रुपैया जरिवाना हुने फैसला गरेको हो ।

न्यायधिश हरिशचन्द्र इङ्गनामको इजलासबाट भएको फैसलामा पीडितले अंश र भरण पोषण बापत मानाचामल खर्च पनि पाउने पीडकबाटप्रति महिना १० हजार रुपैया मानाचामल भरण पोषण बापत खर्च पाउने अदालतको फैसलामा उल्लेख छ ।

यस्तै देव परिवारको जायजेथाको चार भाग अंश लगाई त्यस मध्ये एक भागको आधा करिश्माले पाउने भएकी छिन ।

करिश्माले २०७७ साल कार्तिक १९ गते सप्तरी जिल्ला अदालतमा अंश तथा भरण पोषणको मुदा दर्ता गरेकी थिइन । त्यस पछी शारिरीक र मानसिक यातना दिने क्रम झनै बढेपछी उनले श्रीमान र सासु, ससुरा, देवरलाई विपक्षी बनाई २०७९ साल माघ १९ गते घरेलु हिंसाको मुदा दर्ता गरेकी थिईन ।

घरेलु हिंसाको मुदामा ३ महिना अघि माघ २० गते सप्तरी जिल्ला अदालतका न्यायधिश नविन कुमार जोशीको इजलासले अन्तरीम संरक्षणात्मक आदेश जारी गर्दै पीडीत महिलालाई शान्त र निर्भय वातावरणमा घरमा बस्न, खान लाउन दिनु तथा दाईजो माग्ने र कुटपीट लगायतका यातना दिने काम न गर्नु भनि आदेश जारी गरेको थियो ।

तर, आरोपीतहरुले पीडीत महिलालाई घर प्रवेश गर्न रोक लगाएका थिए । घर प्रवेश गर्न खोज्दा कुटपीट गरी ज्यान मार्ने धम्की समेत दिन थालेपछी उनी बिचल्लीमा परेकी थिइन । पछिल्लो पटक गत माघ १७ गते उनी वडाअध्यक्ष बन्धु दास सहित पत्रकार, अधिकारकर्मी र प्रहरीको सहयोग लिई घर प्रवेशका लागी पुगेकी थिइन । उनी आउन लागेको थाहा पाएपछि श्रीमान डा.देव सहित परिवारका सबै सदस्य घरको मुल प्रवेशद्वार मै ताला लगाएर अन्यत्र हिडेका थिए ।

यस्तो अवस्थामा ताला फुटाएर प्रवेश गर्नू उपयुक्त न हुने स्थानीयको सुझाव पश्चात करिश्माले मुल गेट मै थप अर्को ताला लगाएर फर्केकी थिइन । गुह प्रवेश नपाएपछी न्यायका लागी उनी फेरी अदालतको शरणमा पुगेकी थिइन ।

बिराटनगरमा अध्यनरत रहेका बेला डा.देव र करिश्मा बीच प्रेम गासिन पुगेको थियो । पछिल्लो पटक निजामती कर्मचारी अस्पताल काठमाण्डौमा कार्यरत डा. देवले मोरंग जिल्ला अदालतमा २०७५ असोज १९ गते बिवाह दर्ता गर्न आवेदन गरी सहमती पत्र संलग्न राखी सही छाप समेत गरेका थिए ।

२०७६ साल असोज २८ गते दुबैले आफन्तजनको उपस्थितीमा सप्तरीको भारदहस्थित कंकालिनी मन्दिरमा बिवाह गरेका थिए । तर, केही समय पछी माइतबाट दाइजो बापत ५० लाख रुपैया लिएर आउन तथा बिराटनगरमा आफनो नाममा रहेको १ कट्ठा जग्गा सासुको नाममा गराउन श्रीमानबाट दवाव र सोही निहुमा दु:ख दिन थालेको पीडित करिश्माको भनाई छ ।

बिराटनगर उप महानगरपालिका १२ पाँचाली स्थित डेरामा श्रीमान डा.देव संगै केही दिन बसेपछी उनको काठमाडौ सरुवा भएको र त्यहा पनि केही दिन संगै बसेको उनले बताईन ।




# कोरोना संक्रमित एकको मृत्यु

काठमाडौं, १४ वैशाख (रासस) ।

कोरोना सङ्क्रमित थप एक जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिर अधिकारीका अनुसार बिहीबार एक कोरोना सङ्क्रमितको मृत्यु भएको हो ।

बिहीबारमात्रै कोरोनाबाट एक सय ११ नयाँ सङ्क्रमित थपिएका हुन् । जम्मा दुई हजार पाँच सय १७ नमूना परीक्षणबाट एक सय ११ जनामा सङ्क्रमण पुष्टि भएको हो ।

काठमाडौँ उपत्यकामा अहिले कोरोना सङ्क्रमितको सङ्ख्या तीन सय ७८, संस्थागत आइसोलेसनमा १८ र सघन उपचार कक्षमा छ बिरामी रहेका छन् । यस्तै भेन्टिलेटरमा एक बिरामी छन् ।

परिबार कल्याण महाशाखाअर्न्तगतको बालस्वास्थ्य तथा खोपसेवा शाखाका प्रमुख डा अभियान गौतमका अनुसार देशभर कोरोनाबिरुद्धको खोप लगाउनेको सङ्ख्यासमेत बढ्न थालेको छ । उहाँले खोप लगाउन छुटेका व्यक्तिलाई केन्द्रमा राखेर खोप अभियान सञ्चालन भइरहेको जनाउँदै नजिकैको स्वास्थ्य केन्द्रबाट छुटेका सबैलाई पहिलो, दोस्रो र बुस्टर खोप लगाउन आग्रहसमेत गर्नुभएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

# मधेसमा प्रदेशस्तरमै अनलाइन दर्ता

जनकपुरधाम, १४ वैशाख (रासस) ।

सङ्घीयता कार्यान्वयनमा आइसक्दा पनि अनलाइन मिडिया दर्ता तथा नवीकरणका लागि सङ्घीय राजधानी काठमाडौँ धाउनुपर्ने बाध्यता रहेकामा मधेश प्रदेशमा भने यससम्बन्धी सम्पूर्ण काम प्रदेशस्तरमै भइरहेको छ ।

अनलाइन मिडिया दर्ता तथा नवीकरणका लागि सङ्घीय सरकारअन्तर्गतको सूचना तथा प्रसारण विभागमा दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकरण गर्न काठमाडौँ धाउनुपर्ने बाध्यता अन्त्य गर्दै हाल प्रदेशस्तरमै अनलाइन मिडिया दर्ता सुरु गरेको आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिनुभयो ।

प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को व्यवस्थाअनुसार विगत ११ महिनादेखि दर्ता सुरु भएकामा हालसम्म २२ अनलाइन सञ्चारमाध्यम प्राधिकरणमा दर्ता भएका छन् । "प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा २० ले प्रदेशमै अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहनेले तोकिएको विवरणसहित प्राधिकरणमा दर्ता तथा अभिलेखिकरण गराउनुपर्ने व्यवस्था गरेको छ", अध्यक्ष यादवले भन्नुभयो ।

सङ्घीय कानुन संशोधन भएमा मधेश प्रदेशलाई लक्षित गरी यसअघि केन्द्रमा दर्ता भएका अनलाइनका फाइल प्रदेशमा मगाउने प्रक्रिया सुरु गर्ने उल्लेख गर्दै उहाँले यसबाट नियमन, लोककल्याणकारी विज्ञापन वितरण र अन्य क्षमता विकासका काम गर्न सहज हुने उहाँले बताउनुभयो । प्राधिकरणको तथ्याङ्कअनुसार मधेश प्रदेशबाट सञ्चालन हुने भनि हाल केन्द्रमा दर्ता भएका अनलाइनको सङ्ख्या एक सय ६४ भन्दा बढी छ । केन्द्रमा सङ्घीय सरकारअन्तर्गतको विभागमा दर्ता र काउन्सिलमा सूचीकरण गरे जस्तै मधेश प्रदेशमा प्राधिकरणमा अनलाइन दर्ता गरी मधेश प्रदेश मिडिया काउन्सिलमा सूचीकरण गर्ने काम भइरहेको छ ।

काउन्सिलका कार्यबाहाक अध्यक्ष कैलास दासले यसरी प्रदेशस्तरमै अनलाइन दर्ता भएपछि अनुगमन, नियमन तथा अन्य कार्य गर्न सहज भइरहेको बताउनुभयो । "स्वच्छ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकासका लागि काउन्सिलले काम गर्ने क्रममा मिडियाले आचारसंहिता पालना गरे नगरेको विषयमा पनि अनुगमन गर्नुपर्छ", उहाँले भन्नुभयो,"प्रदेशस्तरमै अभिलेख र सूचीकरण भएपछि यहीबाट आवश्यक कार्य गर्न हामीलाई सहज भइरहेको छ ।" उहाँले दर्ता र अन्य हिसाबले केन्द्र सरकारका निकायप्रति जवाफदेहिता हुने भएपछि प्रदेशमा स्थापित मिडिया क्षेत्रसम्बद्ध संस्थालाई त्यस्ता माध्यमका बारेमा केही जानकारी नहुने हुँदा काम कारबाही गर्न कठिन हुन्छ भन्ने कुरा भर्खरै सम्पन्न बारा निर्वाचन क्षेन नं २ को उपनिर्वाचनबाट सिकाइ भएको बताउनुभयो । अब अरु मिडियालाई पनि प्रदेश सरकार र प्रदेश सरकारका निकायसँग कुनै न कुनै रुपमा जोडिने गरी सङ्घीय कानुनमा संशोधन आवश्यक रहेको दासको भनाइ छ ।

प्राधिकरणका प्रशासकीय प्रमुख उपेन्द्रकुमार सिंह प्रदेशस्तरमा एकअर्काप्रति जवाफदेहिता सिर्जना गर्ने मात्र नभइ आफ्नो प्रदेशमा सञ्चालित मिडियाको दीगो व्यवस्थापनका लागि योजना बनाउन पनि कुनै न कुनै रुपमा मातहतका जिल्लामा सञ्चालित मिडियाको समन्वय प्रदेशसँग हुनेगरी कानुनी व्यवस्था हुनुपर्ने बताउनुहुन्छ । "हाल प्रदेशस्तरमा अनलाइन दर्ता सुरु भएको छ ।"

आगामी आर्थिक वर्षमा यहाँ दर्ता भएका अनलाइनलाई पनि लोककल्याणकारी विज्ञापनलगायत अन्य व्यवस्थापकीय सुधार र दक्षता अभिवृद्धिका काममा ऐन नियम बनाउन र भएकै ऐन नियम संशोधन गरी आवश्यक काम गर्न सघाउ पुग्ने सिंहले बताउनुभयो ।

मधेश प्रदेशबाहेक बागमती प्रदेशअन्तर्गतको सञ्चार रजिष्ट्रारको कार्यालयले अनलाइन दर्ता सुरु गरेको भनिए पनि सूचीकरणका लागि भने प्रेस काउन्सिल नेपाल काठमाडौँमै धाउनुपर्ने अवस्था छ । मधेश प्रदेशमा हाल १२ टेलिभिजन, एक सय सात एफएम रेडियो र करिब आठ सयभन्दा बढी पत्रपत्रिका दर्ता छन् भने एक सय ७२ पत्रपत्रिका प्रेस काउन्सिल नेपालको वर्गीकरण प्रक्रियामा समावेश रहेको प्राधिकरणले जनाएको छ ।

# कोरोनाका कारण देशमा ६३ प्रतिशत उद्योग बन्द

चितवन, १४ वैशाख (रासस) ।

कोभिड-१९ को महामारीका कारण नेपालमा सञ्चालनमा आएका धेरै उद्योग प्रभावित भएको तथ्याङ्कले देखाएको छ । कोभिड-१९ का कारण चार महिना गरिएको बन्दाबन्दीका क्रममा ६३ प्रतिशत उद्योग पूर्णरूपमा बन्द भएका छन् । यस अवधिमा २४ प्रतिशत उद्योग प्रतिष्ठान आंशिकरूपमा सञ्चालनमा रहेका र १३ प्रतिशत उद्योग पूर्णरूपमा सञ्चालनमा रहेका तथ्याङ्कले देखाएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क कार्यालय चितवनले बिहीबार यहाँ आयोजना गरेको अन्तर्राष्ट्रिय औद्योगिक सर्वेक्षणको प्रदेशस्तरीय नतिजा सम्बन्धमा आयोजित अन्तर्क्रिया कार्यक्रममा सो तथ्याङ्क सार्वजनिक गरिएको हो । सो समयमा १७ प्रतिशत कामदारले बिनासुविधा आफूले गरिरहेको काम छाड्नुपरेको छ भने ६० प्रतिशत कामदारले बिनातलब सुविधा अस्थायीरूपमा कामबाट अलग हुनुपरेको कार्यक्रममा जानकारी दिइयो ।

यस्तै ११ प्रतिशत कामदारको तलब सुविधा आंशिकरूपमा कटौती भएको र बाँकी १२ प्रतिशतले निर्धारित समयभन्दा ढिला पाएको राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक राजेश धितालले जानकारी दिनुभयो । अहिले देशभर ६० हजार एक सय ८५ उद्योग प्रतिष्ठान सञ्चालनमा छन् । त्यसमध्ये खानी तथा उत्खनन क्षेत्रमा तीन सय ५६, औद्योगिक उत्पादन क्षेत्रमा ५६ हजार छ सय ११, विद्युत्, ग्यास, वाफ तथा वातानुकूलित सेवा क्षेत्रमा नौ सय ९४, पानीको आपूर्ति, ढल निकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापका क्षेत्रमा दुई हजार दुई सय २४ उद्योग प्रतिष्ठान रहेका छन् ।

नेपालमा सञ्चालनमा रहेका उद्योगमा ठूला उद्योग पाँच हजार १७, साना उद्योग ५१ हजार पाँच सय ९४ रहेको कार्यक्रममा जानकारी दिइयो । जनशक्तिका आधारमा उद्योगलाई वर्गीकरण गरिएको धितालले बताउनुभयो । नेपालमा सञ्चालनमा रहेका उद्योगमा तीन लाख ८१ हजार छ सय ८७ जनाले प्रत्यक्ष रोजगार पाएका छन् । यी उद्योगमा तलब र ज्यालामा गरी रु एक खर्ब सात अर्ब ८९ करोड खर्च गर्ने गरेको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

नेपालका उद्योग प्रतिष्ठानले गरेको उत्पादन ३९ दशमलव नौ प्रतिशत पूर्णरूपमा उपयोग गरेका छन् । यस्तै १८ दशमलव सात प्रतिशले ७५ देखि ९९ प्रतिशत, २९ दशमलव एक प्रतिशतले ५० देखि ७४ प्रतिशत, १० दशमलव तीन प्रतिशतले २५ देखि ४९ प्रतिशत उपभोग गर्ने गरेको सो अवसरमा जानकारी दिइयो । दुई प्रतिशतले २५ प्रतिशतभन्दा कम उपभोग गर्ने गरेका छन् । साना उत्पादनशील उद्योगमा ऋणको अवस्था खासै नरहेको पाइएको छ । साठी प्रतिशत उद्योगले ऋण नलिएको, ऋण लिने प्रक्रियामा रहेका पाँच प्रतिशत, ऋणको प्रतिबद्धता प्राप्त गरेका एक प्रतिशत र ऋण लिनेको सङ्ख्या ३४ प्रतिशत रहेको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, राष्ट्रिय तथ्याङ्क कार्यालयका सहसचिव डिल्लीराज जोशी, उद्योग वाणिज्य सङ्घ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठ, उद्योग सङ्घ चितवनका उपाध्यक्ष युवराज ओस्ति, राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक विनोदशरण आचार्य, तथ्याङ्क कार्यालयका प्रमुख यज्ञमूर्ति भण्डारीलगायतले सो विषयमा बोल्नुभएको थियो ।

# इम्बोस्ड नम्बर : प्रदेशको नाम नेपालीमा, अन्य यथावत

काठमाडौँ, १४ वैशाख (रासस) ।

सवारी साधनको इम्बोस्ड नम्बर प्लेटमा प्रदेशको नाम देवनागरी र अन्य नम्बर अङ्ग्रेजीमा राख्ने टुङ्गो लागेसँगै सरकारले सोहीअनुसार नम्बर प्लेट छपाइ गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएको छ ।

प्रदेशको नाम नेपालीमा लेख्ने गरी टुङ्गो लागेको र अन्य विषय यथावत रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव इन्जिनियर अर्जुनजङ्ग थापाले जानकारी दिनुभयो । "जुन प्रदेशको नाम लेखिएको थियो त्यो नेपालीमा हुन्छ । नम्बर प्लेटमा नेपालको झण्डा रहेको छ । त्यसले नेपालको सवारीसाधन भन्ने जनाइहाल्छ", उहाँले भन्नुभयो । इम्बोस्ड नम्बर आपूर्ति गर्न बङ्गलादेशको कम्पनी टाइगर आइटीले जिम्मा पाएको छ । पाँच वर्षभित्र २५ लाख सवारी साधनमा इम्बोस्ड नम्बर जडान गर्नेगरी विसं २०७३ मा सम्झौता भएको थियो ।

सरकारले इम्बोस्डमा राख्ने भाषा टुङ्गो लगाए पनि प्राविधिक विषय मिलाउनुपर्ने भन्दै ठेकेदार कम्पनीले अझै नम्बर प्लेट छपाइ गरेको छैन । "नम्बर प्लेटमा देवनागरी लिपि राख्नका लागि उनीहरुको सिस्टममा परिवर्तन गर्नुपर्ने रहेछ", इन्जिनियर थापाले भन्नुभयो, "उनीहरुले त्यसका लागि तयारी गर्दैछ । अब छिट्टै सुरु हुन्छ । हामीले सोहीअनुसार तयारी गर्न भनेर सम्बन्धित 'पार्टी'लाई निर्देशन दिएका छौं ।"

बिबिआइएनअन्तर्गतका बङ्गलादेश, भूटान र भारतमा समेत नेपाली सवारीसाधन चल्ने र उनीहरुको उपकरणले नेपाली नम्बर प्लेटलाई बुझ्नसक्ने हुनुपर्ने भएकाले इम्बोस्ड नम्बरमा नेपाली र अङ्ग्रेजी भाषाको प्रयोग गरिएको उहाँको भनाइ थियो । भारत, चीनलगायत कतिपय मुलुकमा समेत इम्बोस्ड नम्बर अङ्ग्रेजीमा छपाइ हुने गरेको इन्जिनियर थापाले सुनाउनुभयो ।

यही बैशाख १२ गतेको प्रतिनिधिसभा बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले इम्बोस्ड नम्बर नेपालीमा, नेपाली तथा अङ्ग्रेजीमा र अङ्ग्रेजीमा गरी तीनवटै विकल्पमा छपाइ गर्ने गरी मन्त्रिपरिषद्बाट निर्णय भइसकेको र केही समयमै लागू हुने जानकारी गराउनुभएको थियो ।

गत चैत २० गते बसेको मन्त्रिपरिषद् बैठकले इम्बोस्ड नम्बर प्लेट देवनागरीमा छपाइ गर्न पाउने निर्णय गरेको थियो । तत्कालीन उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री नारायणकाजी श्रेष्ठले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा इम्बोस्ड नम्बर देवनागरीमा छपाइ गर्ने विषयलाई अगाडि बढाइएको बताउनुभएको थियो । "त्यसका लागि सम्बन्धित एजेन्सीसँग पनि हामी छलफलको प्रक्रियामा छौं । त्यो प्रक्रिया अघि बढाउने कार्ययोजना बनाएर हामी त्यसलाई तीव्रता प्रदान गर्न गइरहेका छौं", उहाँले भन्नुभएको थियो ।

सरकारले अङ्ग्रेजीमा इम्बोस्ड नम्बर छपाइ गर्न अनिवार्य गरेको भन्दै नेपाली भाषा बचाउ अभियन्ताले विरोध जनाउँदै आएका थिए । धेरै पटक सवारीसाधनमा राखिने इम्बोस्ड नम्बर नेपालीमा राख्नुपर्छ भनेर पनि बहस हुँदै आएको थियो । यसअघि इम्बोस्ड नम्बर अङ्ग्रेजीमा छपाइ हुँदै आएको थियो ।

**निर्देशनको पर्खाइमा विभाग**

सरकारले देवनागरी लिपिमा इम्बोस्ड नम्बर छपाइ गर्ने भने पनि मन्त्रालयबाट स्पष्ट निर्देशन नआउँदा यातायात व्यवस्था विभागले सो कार्य अगाडि बढाउन नसकिएको जिकिर गरेको छ । विभागका सूचना अधिकारी ईश्वरीदत्त पनेरुले यससम्बन्धमा विभागबाट कुनै तयारी नभएको र मन्त्रालयको निर्देशनको पर्खाइमा आफूहरु रहेको बताउनुभयो ।

"देवनागरी लिपिमा छाप्ने भन्ने भयो, तर कुनकुन अक्षर र अङ्क देवनागरीमा छाप्ने भन्ने स्पष्ट भएको छैन", उहाँले भन्नुभयो, "मन्त्रालयबाट निर्देशन आएपछि मात्रै काम सुरु हुन्छ ।" विभागले अहिले पुरानै व्यवस्थाअनुसार इम्बोस्ड छपाइ गरिरहेको छ । "अङ्ग्रेजीलाई अमान्य भनेको होइन, इम्बोस्ड नम्बरका लागि प्राप्त 'अर्डर' अनुसार प्लेट छपाइ भइरहेको छ", सूचना अधिकारी पनेरुले भन्नुभयो । हालसम्म करिब तीन लाख इम्बोस्ड नम्बर छपाइ भएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विष्णुपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सामाजिक विकास शाखा
विष्णुपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

**प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**प्रथक पटक सूचना प्रकाशित मिति :२०८०/०१/१५**

यस विष्णुपुर गाउँपालिकाको आ.व.२०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाको देहाय बमोजिमको तालिम तथा कार्यक्रमहरु तोकिएको बजेटको परिधि भित्र रही संचालन गर्नु पर्ने भएकोले सम्बन्धीत क्षेत्रमा कार्य गर्दै आएका योग्य तथा अनुभव भएको ईच्छुक संघ संस्था, कम्पनी वा फर्महरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव फारममा उल्लेख भएको सम्पूर्ण कागजातहरु सहित प्रस्ताव पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

वडा स्तरीय कार्यक्रमहरु

| सि.न. | कार्यक्रमको नाम | कार्यक्रम सचालन हुने स्थान | स्वीकृत बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १. | महिला हिंसा तथा जनचेतना कार्यको लागि | वडा नं. १ भरी । | ४,००,०००।- | |
| २. | बालबालिका शसक्तिकरणका लागि | वडा नं. १ भरी । | ४,००,०००।- | |
| ३. | सरसफाई वडा भरी र शुद्ध खानेपानी तथा जनचेतना मुलक कार्यक्रमको लागि | वडा नं. १ भरी । | ५,००,०००। - | |
| ४. | विपद वाढी पहिरो आगलागी भूकम्प हावाहुरीबाट जागीन पूर्व सचेनता मुलक कार्यक्रम | वडा नं. २ भरी । | ३,००,०००।- | |
| ५. | फिनेल तथा ह्यारपीक बनाउने तालिम | वडा नं. ३ भरी । | २,००,०००।- | |
| ६. | किशारी महिलाहरुलाई प्याड वनाउने तालिम | वडा नं. ३ भरी । | २,००,०००।- | |
| ७. | कृषि सम्वन्धी जनचेतना मुलक कार्यक्रम | वडा नं. ३ भरी । | २,००,०००।- | |
| ८. | महिलाको लागि सिलाई कटाई तालिम | वडा नं. ४ भरी । | ३,००,०००।- | |
| ९. | सूनौलो हजार दिन कार्यक्रम(पोषण) | वडा नं. ५ भरी । | ४,००,०००।- | |
| १०. | लागु औषध दुर्व्यसनी सम्बन्धी जनचेतना मुलक कार्यक्रम | वडा नं. ६ भरी । | ३,५०,०००।- | |
| | जम्मा | | ३२,५०,०००।- | |

१. प्रस्ताव फारममा उल्लेख भएका सम्पूर्ण कागजात तथा विवरणहरु सहित तोकिएको मिति भित्र प्रस्तावना दर्ता गरि सक्नु पर्नेछ ।
२. एक भन्दा बढी कार्यक्रम गर्न चाहने संघ संस्थाले छुटा छुटै प्रस्ताव फारम सहितको प्रस्तावना पेश गर्नु पर्नेछ ।
३. प्रस्ताव फारम वापत रु. १०००।-(एक हजार मात्र) नगद जम्मा गरेको रसिद पेश गर्नु पर्नेछ ।
४. यो सूचना रद गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।
५. अन्य जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
६. अन्य व्यहोरा प्रस्ताव फारममा उल्लेख भए बमोजिम हुनेछ ।
७.१५ औं दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सम्म दर्ता गराउन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**

# विश्व समाचार

## ‘बुद्धधर्मको मर्म विश्वमा फैलाउन बौद्ध शिखर सम्मेलन उपयोगी’

नयाँदिल्ली, १४ वैशाख (रासस/एएनआई) ।

बुद्धधर्मको मर्म विश्वमा फैलाउन गत साता नयाँदिल्लीमा सम्पन्न विश्व बौद्ध शिखर सम्मेलन उपयोगी भएको तिब्बती बौद्धधर्मका शिक्षकले बताउनुभएको छ ।

बौद्धगुरु योङ्गे मिङ्ग्युर रिम्पोछेले बुद्ध धर्मको सार संसारमा फैलाउन विश्व बौद्ध शिखर सम्मेलनबाट मद्दत पुगेको बताउनुभयो ।

एएनआईसँगको कुराकानीमा बौद्धगुरु रिम्पोछेले गत साताको शिखर सम्मेलनबाट बौद्धधर्मको सारलाई विश्वमा फैलाउन योगदान पुगेको बताउँदै सम्मेलनबाट आफूलाई पनि सिक्ने अवसर प्राप्त भएको उल्लेख गर्नुभयो । बुद्धधर्मको प्रादुर्भाव नेपालबाट भएको तथा यो धर्मको मुख्य सन्देश प्रेम र करुणा भएको उहाँले बताउनुभयो ।

“बुद्धधर्मका सन्दर्भमा नेपाल र भारतबीच घनिष्ठ सम्बन्ध छ, यो धर्मले दुवै देशलाई एकताबद्ध गरेको छ । हाम्रा निम्ति बुद्धधर्मको जननी नेपाल र जनक भारत हो,” नेपाल र भारतबीचको निकट छिमेक सम्बन्धका साथै धार्मिक सम्बन्धबारे चर्चा गर्दै तिब्बती गुरूले भन्नुभयो । बुद्धधर्मबारे नेपाल र भारतबाट धेरै शिक्षा पाइने बताउँदै उहाँले नेपालमा जन्मनु भएका बुद्धले भारतका धेरै स्थानमा यसको प्रचार गर्दै धेरै शिष्यलाई ज्ञान दिनुभएको आफ्नो बुझाइ सुनाउनुभयो ।

संस्कृति मन्त्रालयले आयोजना गरेको उक्त सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले ‘अतिथि देवो भव:’ बुद्धभूमिको परम्परा भएको तथा बुद्धका आदर्शबाट प्रेरित भएर जीवन बिताएका धेरै व्यक्तिको सम्मेलनमा भएको उपस्थितिले बुद्धको वरिपरि आफू रहेको अनुभूत भएको उल्लेख गर्नुभएको थियो । उहाँले बुद्ध व्यक्तिभन्दा पनि विचार हो भन्ने आफूलाई लागेको बताउनुभएको थियो ।

## युक्रनेलाई बृहत् सैन्य सहयोग

ब्रसेल्स, १४ वैशाख (रासस/एएफपी) ।

उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) र उसका साझेदारहरूले युक्रेनलाई उसको गुमेको भूभाग रुसबाट फिर्ता लिन बृहत् सैन्य सहयोग उपलब्ध गराएका छन् ।

नाटोका प्रमुख जेन्स स्टोल्टेनबर्गका अनुसार युक्रेनलाई एक हजार पाँच सय ५० वटा बख्तबन्द गाडी र दुई सय ३० वटा ट्याङ्क प्रदान गरिएको छ । अघिल्लो वर्षको फेब्रुवरीमा युक्रेनमाथि रुसी हमला भएपछि प्रदान गरिएको सैन्य सहयोगमा यो सबैभन्दा ठूलो हो ।

बिहीबार ब्रसेल्समा भएको पत्रकार सम्मेलनमा नाटो प्रमुखले युक्रेनलाई सहयोग गर्ने प्रतिबद्धताअनुरुप ९८ प्रतिशत सैन्य सहायता नाटोबाट प्रदान गरिएको बताउनुभयो । युक्रेनका नौ वटा नयाँ ब्रिगेडलाई तालिम दिइएको तथा ती युद्धदस्तालाई हातहतियारले सुसज्जित गरिएको जानकारी पनि उहाँले दिनुभयो ।

## भारतमा कोरोनाका बिरामीको सङ्ख्यामा झिनो गिरावट

नयाँदिल्ली, १४ वैशाख (रासस/पिटिआई) ।

अघिल्ला दुई दिनको तुलनामा बिहीबार भारतमा कोरोनाका बिरामी घटेका छन् । बुधबारको तुलनामा बिहीबार कोभिडका बिरामी घटेका केन्द्रीय परिवारस्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार बुधबार नौ हजार छ सय २९ जनामा सङ्क्रमण पुष्टि भएको थियोभने बिहीबार नौ हजार तीन सय ५५ जना सङ्क्रमणको शिकार भएका प्रयोगशाला परीक्षणबाट प्रमाणित भएको छ । यो सङ्क्रामक रोगबाट बिहीबार २६ जनाले ज्यान गुमाएका छन् । मङ्गलबार छ हजार नौ सय ३४ जना सङ्क्रमित थपिएका थिएभने सोमबार छ हजार तीन सय जना बिरामी फेला परेका थिए ।

हाल भारतमा ५७ हजार चार सय १० जना सक्रिय सङ्क्रमित छन्भने चार करोड ४३ लाख ३५ हजार नौ सय ७७ जनाले कोभिड-१९बाट पूर्णस्वास्थ्यलाभ गरेका उक्त मन्त्रालयले जनाएको छ ।

## युद्धविरामका बीच सुडानमा हवाई हमला

खार्तुम, १४ वैशाख (रासस/एएफपी) ।

अमेरिका र साउदी अरबको मध्यस्थतामा गत सोमबार मध्यरातदेखि सुडानमा लागू भएको ७२ घण्टे युद्धविरामका बीच राजधानी खार्तुममा हवाई हमला भएको छ ।

सैनिक जनरल अब्देल फताह अल बुरहान नेतृत्वको सुडानी सेनाले उनका पूर्वसहयोगी मोहम्मद हमदान डग्लोले नेतृत्व गरेको अर्धसैनिक र्‍यापिड सपोर्ट सपोर्ट फोर्स (आरएसएफ)लाई निशान बनाएर हवाई हमला गरेको हो । डाफरमा पनि घातक हमला भएका विवरण प्राप्त भएका छन् ।

व्यापार र विकासका लागि गठित आठ वटा अफ्रिकी देशको अन्तरसरकारी परिषद् आइजिएडीले जारी युद्धविरामलाई थप ७२ घण्टाका निम्ति लम्ब्याउन दक्षिण सुडानको राजधानी जुबामा वार्ताको प्रयत्न गरिरहेका बेला खार्तुममा पुन:युद्ध चर्केको हो । प्रत्यक्षदर्शीका अनुसार हवाई हमलाका अतिरिक्त जमिनमा दुवै पक्षबीच गोली हानाहान भइरहेको छ । गोलीबारुद विष्फोटका चर्का आवाज सुनिएका छन् ।

युद्धविरामको अवधि अरु तीन दिन बढाउने आइजिएडीको प्रस्तावलाई सुडानी सेना प्रमुख बुरहानले सहमति जनाएका तर उनका प्रतिद्वन्द्वी डग्लोबाट स्पष्ट जवाफ प्राप्त नभएको सैनिक अधिकारीहरूले बताएका छन् ।

तेह्र दिनदेखि जारी युद्धमा कम्तीमा पाँच सय १२ जनाको मृत्यु भएको तथा चार हजार एक सय ९३ जना घाइते भएका सुडानी स्वास्थ्य मन्त्रालयले जनाएको छ । यद्यपि युद्धमा परी ज्यान गुमाउने र घाइते हुनेको सङ्ख्या यो भन्दा धेरै बढी भएको ठानिएको छ ।

# तिलाठी र छिन्नमस्ता बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख ।**

हनुमाननगर कंकालिनीन गरपालिकाद्वारा सञ्चालित मेयर कप टी ट्वान्टी क्रिकेट प्रतियोगिता अन्तरगत विहिबार सम्पन्न दुई खेलमा तिलाठी कोइलाडी गाउँपालिका र छिन्नमस्ता गाउँपालिकाको टिम विजयी भएका छन् ।

तिलाठी कोइलाडीले हनुमाननगर कंकालिनी नगरपालिकाको रेड टिमलाई ६ विकेटले र छिन्नमस्ता गाउँपालिकाको टिमले हनुमाननगर कंकालिनी नगरपालिकाको ब्लु टिमलाई १ सय ३० रनले पराजित गरेको हो ।

पहिलो खेलमा टस जितेर ब्याटिङ्ग गरेको हनुमाननगर कंकालिनीन गरपालिकाको रेड टिमले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा १०८ रन बनाएको थियो । जसमा प्रज्वल झाले अविजित ३२ रन बनाए भने सौरभ झाले १८ तथा शैलेन्द्र राउत र सुमन यादवले १०/१० रनको योगदान दिएका थिए ।

तिलाठीका लागि विकास दासले ४ ओभरमा १७ रन दिएर ३ विकेट लिएभने दिपेश सरदारले ४ ओभरमा १४ रन दिएर २ विकेट र साकेत सिंहले २ ओभरमा १४ रन दिएर २ विकेट लिएका थिए ।

प्रतिउत्तरमा तिलाठी कोइलाडीका अभिषेक कार्कीले ५३, अमित मण्डलले २७ तथा विकास दासले १७ रनको योगदान दिदैं आफ्नो टिमलाई विजयी गराए ।

हनुमाननगरको रेड टिमका लागि शैलेन्द्र राउतले ३ तथा तिलेश्वर मण्डलले १ विकेट लिएका थिए । उक्त खेलमा तिलाठी कोइलाडी गाउँपालिकाका विकास दासलाई हनुमाननगर कंकालिनी नगरपालिकाका सूचनाप्रविधि अधिकृत अमित पाठकले म्यान अफ द म्याच प्रदान गरे ।

यस्तै दोस्रो खेलमा छिन्नमस्ता गाउँपालिकाको टिमले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १ सय ८३ रन बनाएको थियो । जसमा दिपेश कँडेलले अविजित ३५, मिनस थापाले ३३, फिर्दोश अन्सारले २७, रेवति रायले २३, रवि रायले १८ र सिद्धान्त लोहनीले १० रन बनाए ।

हनुमाननगरको ब्लु टिमका लागि दिपक भुजेल र सुजित मण्डलले ३/३ विकेट लिए भने त्रिभुवन मण्डलले १ विकेट लिए ।

१ सय ८४ रनको विशाल लक्ष्य पछ्याउने क्रममा हनुमाननगरको ब्लु टिम ९ ओभर ५ बलमा सबै विकेट गुमाई ५३ रन मात्र जोड्न सक्यो । छिन्नमस्ताका दिपेश कँडेलले १ ओभर ५ बलमा १५ रन खर्चिदै ४ विकेट हातपारे भने फिर्दोश अन्सारीले ४ ओभरमा १५ रन दिएर ४ विकेट लिए । यसैगरी उपेन्द्र रायले २ विकेट हातपारे । उक्त खेलमा छिन्नमस्ता गाउँपालिका टिमका दिपेश कँडेललाई तिलाठी कोइलाडी गाउँपालिकाका कार्यक्रम अधिकृत राजेशकुमार झाले म्यान अफ द म्याच प्रदान गरे ।

# ३३ निर्माण व्यवसायीको इजाजतपत्र खारेज

काठमाडौं, १४ वैशाख (रासस) ।

सरकारले ३३ निर्माण व्यवसायीहरुको इजाजतपत्र खारेज गरेको छ । सार्वजनिक निर्माणको प्रयोजनका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट इजाजतपत्र लिएका व्यवसायीहरुले नवीकरण नगरेकाले उनीहरुको इजाजतपत्र खारेज गरिएको हो ।

मन्त्रालयको निर्माण व्यवसाय प्रवर्द्धन शाखाले बिहीबार एक सूचना प्रकाशित गरी इजाजतपत्र लिएका व्यवसायीहरुले निर्माण व्यवसाय ऐन, २०५५ को दफा ५ को उपदफा ३ बमोजिम आर्थिक वर्ष २०७९/८० का लागि २०७९ चैत्र मसान्तसम्म निर्माण व्यवसाय इजाजतपत्र नविकरण नगरेकाले सोही ऐनको दफा ७ को उपदफा ३ बमोजिम ती निर्माण व्यवसायीको इजाजतपत्रहरु स्वत: खारेज भएको जनाएको हो ।

यसअघि मन्त्रालयले आर्थिक वर्ष २०७९/८० का लागि २०७९ चैत मसान्तभित्र इजाजतपत्र नवीकरण गर्न निर्माण व्यवसायीहरुलाई आग्रह गरेको थियो । तर सो समय अवधिभित्र नवीकरण नगरेकाले इजाजतपत्र खारेज गरिएको मन्त्रालयले जनाएको छ।

# डेङ्गु नियन्त्रणका लागि अभियान चलाउन अनुरोध

काठमाडौं, १४ वैशाख (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेङ्गु सङ्क्रमण नियन्त्रणका लागि अभियान सञ्चालनका लागि अनुरोध गरेको छ । मन्त्रालयले बिहीबार एक सार्वजनिक सूचनामार्फत 'हरेक शुक्रबार बिहान साढे १० बजे १० मिनेट' अभियान सञ्चालन गर्न अनुरोध गरेको हो ।

"डेङ्गु सङ्क्रमण नियन्त्रणका लागि शुक्रबारदेखि हरेक शुक्रबार बिहान साढे १० बजे १० मिनेट अभियान सञ्चालन गरी सबै सरकारी तथा सार्वजनिक कार्यालयले आफ्ना कार्यालय हाताभित्र र वरपर सबै कर्मचारी सहभागी गराई अनिवार्यरूपमा सरसफाइ अभियान सञ्चालन गर्न अनुरोध छ", मन्त्रालयले भनेको छ ।

गत वर्षको डेङ्गु सङ्क्रमण अत्यधिक भएको भन्दै यस वर्ष समयमै सचेतना अपनाउन उक्त अभियान सञ्चालन गर्न सरकारीसँगै निजी, सर्वसाधारण तथा सरोकारवाला सबैलाई अनुरोध गरिएको मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो ।

# मापदण्ड नपुगेका दुई बालगृह बन्द

काठमाडौं, १४ वैशाख (रासस) ।

राष्ट्रिय बालअधिकार परिषद्ले चालु आर्थिक वर्षमा मापदण्ड नपुगेका दुई बालगृह बन्द गरेको छ ।

परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले चालु आवमा मापदण्ड नपुगेका दुई बालगृहका ४१ बालबालिकाको उद्धार गरिएको जानकारी दिनुभयो । "अघिल्लो आवमा ४७ बालगृह बन्द रहेकामा ४५ बालगृहले आफैँ बन्द गरेका र दुई बालगृह मापदण्डविपरीत बन्द गरिएको थियो, चालु आवका दुई बालगृह मापदण्ड पूरा गर्न नसकेर बन्द भएका हुन्", उहाँले भन्नुभयो ।

हाल नेपालका ४३ जिल्लामा चार सय १७ बालगृह सञ्चालनका छन् । त्यसमा १० हजार नौ सय पाँच बालबालिकाको संरक्षण र संवर्द्धन गरिँदै आएको छ । परिषद्ले बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ मा भएको व्यवस्थाबमोजिम सञ्चालनमा रहेका बालगृहलाई अनुमतिपत्र प्राप्त गर्न योग्यले निवेदन दिन सूचना प्रकाशन गरेको थियो ।

"सञ्चालनमा रहेका बालगृहलाई नयाँ कानुनको प्रावधानअनुसार परिषद्को अनुमतिपत्र लिनुपर्ने व्यवस्था छ, परिषद्ले आवश्यकतानुसार स्थानीय तहको समन्वयमा बालगृहको मापदण्डअनुरुप सञ्चालनमा रहेका छन/छैन भनी अनुगमन गर्ने गरेको छ", उहाँले भन्नुभयो ।

चालु आवदेखि चैत मसान्तसम्म १८ स्थानमा सञ्चालनमा रहेका बाल हेल्पलाइनबाट जोखिममा रहेका चार सय ४५ बालबालिकालाई उद्धार गरिएको परिषद्ले जनाएको छ । त्यसमा दुई सय २१ बालक र दुई सय २४ बालिका छन् ।

जोखिममा रहेका बालबालिकालाई उद्धार गरी परिषद्ले संरक्षण व्यवस्थापनमा राहत मनोविमर्श, कानुनी परामर्शलगायतका छ हजार एक सय ४१ लाई सहयोग गरेको छ । त्यसमा दुई हजार पाँच सय ५१ बालक र तीन हजार आठ सय ९० बालिका छन् ।

बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आवश्यक मापदण्डमा बालगृहमा बालमैत्री भौतिक पूर्वाधार तथा संरचना हुनुपर्ने, बालगृहमा आवश्यक जनशक्तिको व्यवस्था हुनुपर्ने, बालगृह सञ्चालन गर्न आवश्यक हुने आर्थिक स्रोतको व्यवस्था हुनुपर्ने, बालगृहमा बालबालिकाको भर्ना प्रक्रिया, बालबालिकाको भोजन तथा पोषणसम्बन्धी व्यवस्था, बालबालिकाको स्वास्थ्य र सरसफाइमा ध्यान दिनुपर्ने विषय, शिक्षा, तालिम र अतिरिक्त क्रियाकलापको व्यवस्था गर्नुपर्ने, बालगृहमा बाल क्लब गठन, सञ्चालन र बाल सहभागिताको प्रवर्द्धन गर्नुपर्नेलगायत अन्य मापदण्ड पूरा गर्नेपर्ने व्यवस्था छ ।

# डाबर नेपालले नौ अर्ब ६८ करोड थप लगानी गर्ने

काठमाडौं, १४ वशाख (रासस) ।

लगानी बोर्ड र बहुराष्ट्रिय कम्पनी डाबर नेपालबीच निजी लगानी अवधारणामा क्षमता अभिवृद्धि तथा वस्तु विविधकरण परियोजना निर्माण, सञ्चालन र व्यवस्थापनका लागि पुन:लगानीसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

बोर्डको कार्यालयमा विहीवार भएको एक कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालको उपस्थितिमा बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्ट र डाबर नेपालका तर्फबाट 'बिजनेश हेड' हरकिरतसिंह बेदीले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको बोर्डका उपसचिव राजुप्रसाद गुरागाईंले जानकारी दिनुभयो ।

उद्योगको क्षमता वृद्धि तथा उत्पादन विविधकरणको लागि बोर्डको ४९औं बैठकले २०७८ माघ २५ को बैठकले लगानी स्वीकृत गरेको थियो । डाबर नेपालले पेश गरेको क्षमता वृद्धिसम्बन्धी परियोजना प्रस्तावअनुसार रु नौ अर्ब ६८ करोड थप लगानी गर्नेछ । समझदारीपत्रमा हस्ताक्षरपछि डाबर नेपालका बेदीले नेपालमा आर्जित पूँजीको केही हिस्सा उद्योगको क्षमता विस्तार र पूँजी बढाउन पाउँदा हर्षित भएको बताउनुभएको थियो ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

बालबालिकालाई स्तनपान किन गराउने ?
➢ आमाको दुधले बालबालिकाको जीवन रक्षा गर्छ।
➢ आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ।
➢ आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
➢ स्तनपानले आमालाई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ।
➢ स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।
त्यसैले बालबालिकालाई पर्याप्तमात्रामा स्तनपान गराऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*